# अन्तर्राष्ट्रिय आलुवर्षको सन्दर्भमा आमसंचारको भूमिका

- भोलामानसिंह बस्नेत
प्रमुख
संचार, प्रकाशन तथा अभिलेख महाशाखा
नेपाल कृषि अनुसन्धान परिषद्

संयुक्त राष्ट्रसंघको आह्वानलाई आत्मसात गर्दै नेपालले यो वर्ष ै अन्तर्राष्ट्रिय आलु वर्ष - २००८ ै मनाउने सिलसिलामा बिभिन्न कार्यक्रमहरु संचालन गरी मनाउँदै आएको छ । यसै सिलसिलामा कृषि सचिव टेक बहादुर थापाको अध्यक्षतामा १२ सदस्यीय समितिसमेत गठन भइसकेको छ । हाल विश्वभर खाद्यान्नको अभाव आकासिदो बजारभाउलाई लिएर सर्वत्र चिन्ता प्रकट भइरहेको छ । बिगत २५ वर्षलाई समीक्षागर्ने हो भने हाल विश्वको सबैभन्दा न्यून खाद्यान्न भण्डार रहेको छ । सरदर ७० दिनलाई खाद्यान्न भण्डार भएमात्र विश्व खाद्यसुरक्षित भएको मानिन्छ तर हाल २६ दिनलाई मात्र पुग्ने खाद्यान्न भण्डार रहेको थाहाहुन आएको छ । श्रीलंकाको कोलम्बोमा हालै सम्पन्न १५ औं सार्क शिखर वैठकमा पनि यस क्षेत्रमा खाद्यान्नको अभावलाई छलफल एवं अन्तरक्रिया गरी खाद्यसुरक्षा विषयक कोलम्बो वक्तव्यमा ै क्षेत्रीय खाद्यसुरक्षाको प्रत्याभूति दिलाउन र सार्कलाई फेरि पनि विश्वको खाद्यभण्डार बनाउन सार्कका राष्ट्रप्रमुख प्रतिबध्द छन ै भन्ने लेखिएको छ । यसका लागि सार्कका कृषिमन्त्रीको विशेष वैठक नोभम्बरमा भारतमा बस्ने निर्णय गरिएको छ । घोषणापत्रले क्षेत्रीय सहयोग, विकासका लागि साझेदारी, सम्पर्क, उर्जा, वातावरण, जलस्रोत, गरिबी निवारण, सार्क विकास कोष, यातायात, सूचना तथा संचार प्रविधि विकास, व्यापार सहजीकरण जस्ता पक्षहरुलाई समेटेको छ ।

हाम्रोजस्तो देशमा आलु गरिबी र भोकमरी हटाउने महत्वपूर्ण खाद्यान्न वन्न सक्छ । नगदेबालीमा आलुबालीलाई प्रमुखता दिइ आएको पाइन्छ । त्यसका निम्ति राष्ट्रिय आलुबाली अनसुन्धान र विकास कार्यक्रमको स्थापना पनि निकै अघि भएको हो । हामीले चामललाई मात्र खाद्यान्न हो भन्ने बानीमा सुधारगर्नु जरुरी छ अर्थात Food Habit मा परिवर्तनगर्नु पर्दछ । अमेरिका, युरोप, दक्षिण अमेरिकातिर र हाम्रै उच्च पहाडीभेकमा आलुलाई एक प्रमुख खाद्यान्नको रुपमा लिइदै आएको पाइन्छ । आलुको पनि चिप्स, फ्रेन्चफ्राई, जस्ता बिभिन्न परिकारहरु तैयार पारी खान सकिन्छ । यसवर्ष नेपाल कृषि अनुसन्धान परिषद्, नार्कले पनि बिभिन्नखाले कार्यक्रमहरु संचालन गरी अन्तर्राष्ट्रिय आलु वर्ष मनाउँदै आएको छ । नार्कले यस वर्ष रोगकम लाग्ने र बढी उत्पादनदिने दुइवटा आलुका नयां जातहरु उन्मोचन गराउन सफल भएको छ । बिगत १६ वर्षलाई समीक्षागर्ने हो भने अनुसन्धानले खुमलरातो २, खुमलसेतो १, जनक देव, डेजिरे, कुफ्री सिन्दुरी, कुफ्रीज्योती गरी ६ वटा आलुका जातहरु उन्मोचन गराइसकेको छ र ती जातहरु किसानहरुबीच अतिनै लोकप्रिय भएका पनि छन । आलु जति खाएपनि वाक्क नलाग्ने खाद्यान्नबालीको रुपमा पनि लिइन्छ । हालसम्म छापा, मुद्रण, रेडियो, एफ०एम, टेलिभिजन जस्ता विद्युतिय आमसंचार माध्यम र प्रदर्शनीहरुले आलुको उपभोग, उत्पादन र विकाससम्बन्धी जनचेतना जगाउन अह्म भूमिका खेल्नेकुरा ध्रुवसत्य भैसकेको छ । जनचेतना जगाएर नेपालका खाद्यान्न अभाव भएका ठाउंहरुमा यसलाई मुख्य खानाको रुपमा प्रयोग गर्न सकिने छ । अन्तर्राष्ट्रिय आलु वर्ष मनाउने सन्दर्भमा बिगत जनवरीदेखि अगष्ट ४ तारिकसम्म नार्कव्दारा खाद्यसुरक्षा, खाद्यसंकट र आकासिदो बजारभाउ सम्बन्धी १३ वटा कार्यक्रमहरु विभिन्न छापा एवं विद्युतिय माध्यमव्दारा प्रसारण भएको मध्ये यसस्तम्भकारले मात्र १० वटा कार्यक्रमहरु प्रस्तुत

गरी सर्वसाधारणमा जनचेतना जगाउने काम गरिसकेका छन । अन्तर्राष्ट्रिय आलु वर्ष मनाउने सिलसिलामा नार्कका वरिष्ठ वैज्ञानिक रामचन्द्र अधिकारीले २०६४ साल पुस १७ गते Star FM 95.2 मा र नार्कका वरिष्ठ वैज्ञानिक बुध्दि प्रकाश शर्माले २०६४ साल माघ १५ गते Nepal Television मा, २०६५ साल जेठ २८ गते Nepal 1 Television मा, २०६५ साल साउन २० गते The Himalayan Times मा कार्यक्रम प्रस्तुतगर्नु भएको थियो । Nepal Television मा २०६४ साल फागुन ४, २०६५ साल बैशाख ३० र जेठ ३ गते, जेठ २७ गते Nepal 1 Television मा, जेठ २७ गते Channel Nepal मा, असार १७ र असार २१ गते Nepal Television मा आलु सम्बन्धी कार्यक्रमहरु प्रसारण भएको थियो । २०६४ साल माघ ७ गते Potato Working Group Meeting, २०६५ साल बैशाख २४ गते प्रेस सम्मेलन, बैशाख २५ गते नार्क दिवश, जेठ १९ देखि २५ गतेसम्म Advanced Horticulture Upscaling Technologies Training, जेठ २७ देखि २८ सम्म 5th National Horticulture Seminar, जस्ता कार्यक्रमहरु नार्कले संचालन गरेको थियो । विकसित आलुबालीका जात र प्रविधि सम्बन्धी प्रदर्शनीहरु २०६५ साल बैशाख २५, जेठ २३, जेठ २७ र २८, जेठ ३१ गते नार्कव्दारा संचालन भएको थियो । आलुबाली बिषयक विकसित जात एवं प्रविधिहरु बारे  प्रचार प्रसार गरी सर्वसाधारणलाई सुसूचित गराउन नार्कले NARC Five Years Research Highlights, NARC Newsletter (Vol.15, No.1, Jan-March 2008) जस्ता प्रकाशनहरु प्रकाशित गरेको छ । यसको साथै २०६५ साल असार ३१ गते नार्क ले तैयार गरेको " नेपाल कृषि अनुसन्धान परिषद् : एक परिचय " नामक Video Documentory मा पनि नयां विकसित आलुका जातहरु र खेतीगर्ने तौरतरिका बारे बिस्तृत रुपमा उल्लेख गरिएको छ । नेदरल्यान्ड, अमेरिका, जापान बढी आलु उत्पादन हुनेदेश हुन । ती देशमा क्रमशः प्रति हेक्टर ४४, ३८ र ३१ मेट्रिकटन आलु उत्पादकत्व हुने गरेको आधिकारिक तथ्यांक छ भने नेपालको प्रतिहेक्टर आलुको उत्पादकत्व १३ मेट्रिकटन मात्र रहेको छ । नेपालमा सन् १९७२ मा सरकारले राष्ट्रिय आलुबाली विकास कार्यक्रमको थालनी गरेको थियो । सन् १९८० पछि आलुबालीको उत्पादकत्व र उत्पादन बढ्दै गएको पाइएको  छ । आर्थिक वर्ष २०६४।०६५ को प्रारम्भिक अनुमान अनुसार नेपालमा १५ लाख ६ हजार ७ सय ३७ हेक्टरमा आलु खेतीभई २० लाख ५४ हजार ८ सय १७ मेट्रिकटन उत्पादन भएको थियो र उत्पादकत्व भने १३ हजार १ सय १० मेट्रिकटन प्रतिहेक्टर रहेको थियो । बिगतको वर्षलाई तुलनागर्ने हो भने आलुबालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व क्रमशः २ दशमलव ०९, ५ सशमलव ७४ र ३ दशमलव ५८ प्रतिशतले बढेको थाहाहुन आएको छ । आर्थिक वर्ष २०६४।०६५ को आलुको उत्पादकत्व र उत्पादन नेपालको इतिहासमानै सबैभन्दा बढी रेकर्ड गरिएको मानिन्छ । साथै विश्वका करिब १ अर्ब ब्यक्तिका लागि आलु मुख्य खानाको रुपमा लिइन्छ । दक्षिण तथा उत्तरी अमेरिकामा आलुको महत्व तयारी खाद्यान्नको रुपमा बढी भए पनि दक्षिण एशियामा  भने तरकारीका रुपमा मात्रै प्रयोग हुंदै आएको छ ।

नेपालको राष्ट्रिय आलुबाली अनुसन्धान र राष्ट्रिय आलुबाली विकास कार्यक्रम ललितपुरको खुमलटारमा छ भने अन्तराष्ट्रिय आलुबाली अनुसन्धान केन्द्र, पेरुमा अवस्थित छ । पेरुमा मात्र आलुबालीको २ हजार ७ सय स्थानीय जातका आलुहरु पाइने कुरा Newsweek (August 4, 2008) म्यागाजिनले उल्लेख गरेको छ । यी जातहरुलाई विविध आवहवाको लागि उपयोग गरिदै आएको पाइएको छ ।